नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५३६ मिति :- २०६७/०४/२५

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषयः **Cash Against Documents (CAD)** को आधारमा मालसामान निकासी गर्ने बारे ।

महाशय,

CAD व्यवस्था अन्तर्गत भारतबाहेक अन्य मुलुकतर्फ निर्यात गर्न चाहने निर्यातकर्ताहरूको लागि निम्न लिखित शर्तहरू पालना गर्नुपर्ने गरी त्यस्तो निर्यात अनुमति सम्बन्धित बैंक/वित्तीय संस्थाहरू मार्फत प्राप्त गर्न सकिने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

## शर्तहरू

१. एक पटकमा बढीमा अमेरिकी डलर ५,००,०००।- (अमेरिकी डलर पाँच लाख) सम्मको सामान निर्यात गर्न अनुमति प्रदान गर्न सकिनेछ ।

२. निवेदनसाथ अद्यावधिक दर्ता प्रमाणपत्र र आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

३. निर्यात गर्न माग भएको रकमलाई पुष्टि गर्ने बीजक (Invoice) वा बिक्री सम्बन्धी सम्झौता (Sales Contract) वा खरीद आदेश (Purchage Order) संलग्न हुनुपर्नेछ ।

४. निर्यात मूल्यको १ प्रतिशतले हुने रकम बराबरको नगद वा बचतपत्र वा विकास ऋणपत्र वा सम्बन्धित बैंक/वित्तीय संस्थालाई मान्य हुने सुरक्षणपत्र धरौटीको रूपमा लिनुपर्नेछ ।

५. यस्तो निर्यातको भुक्तानी प्राप्त भएपछि धरौटी फुकुवा सम्बन्धित बैंक/वित्तीय संस्था आफैले गर्नसक्नेछ ।

६. निर्यात अनुमतिपत्र जारी भएको मितिले ६ (छ) महिनाभित्र निर्यात मूल्य बराबरको रकम भुक्तानी नआएमा सम्बन्धित बैंक/वित्तीय संस्थाले त्यस्ता सुरक्षणपत्रहरू रोक्का गरी ७ (सात) दिनभित्र यस बैंकलाई अनिवार्यरूपमा जानकारी गराउनु पर्नेछ ।

७. बैंक ग्यारेन्टीको आधारमा निर्यात गर्नुपरेमा यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ ।

८. बैंक/वित्तीय संस्थाहरूले निर्यात अनुमतिपत्र जारी गर्दा निर्यातकर्ता पार्टीले जुन भन्सार कार्यालयबाट सामान निर्यात गर्ने हो, सो भन्सार कार्यालयको नाममा मात्र यसैसाथ संलग्न नमूना अनुसारको निर्यात अनुमतिपत्र जारी गर्नुपर्नेछ ।

क्रमशः

९. यस बैंकबाट मिति २०६३/१२/११ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ४०३ खारेज गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौ ।
५. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री बैंक सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
११. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।
१२. श्री नेपाल बिकास बैंक संघ, काठमाण्डौ ।

(इ.प्रा. परिपत्र संख्या- ५३६ प्रयोजनको लागि)

श्री .................भन्सार कार्यालय
.............................. ।

विषयः- **CAD (Cash Against Documents)** को आधारमा मालसामान निकासी सम्बन्धमा ।

महाशय,

श्री .................................. को मिति .................................. को निवेदनबाट माग भई आए अनुसार उक्त उद्योग/फर्मलाई **CAD** अन्तर्गत .................................. मूल्य बराबरको .................................. सामान त्यस भन्सार कार्यालयबाट निकासी गर्न स्वीकृति दिइएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

.................................. ..................................
आधिकारिक दस्तखत आधिकारिक दस्तखत

**बोधार्थ :-**

१. श्री ..................................
........................................... ।